आज मिति २०८२ साउन ०६ गतेका दिन बिहान ८:०० बजे यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा.२)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिश्चन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

प्रमुख प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाई

अन्य उपस्थिति :

इन्जिनियर :- श्री सुरेश गौतम

लेखा अधिकृत :- श्री मनि राना मंगर

सहायक प्रशासकीय अधिकृत :- श्री अनिल कुमार गुरुङ



Scanned with CamScanner

**मिति २०८२ श्रावण ६ गते बसेको मर्स्याङदी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु ।**

**निर्णय नं १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।**

आ.व.२०८१ ०८२ मा मर्स्याङदी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरु यसको कार्यन्वयनको अवस्था प्रगति बारे यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं. २ : आ.व. २०८२/०८३ को लागि दररेट स्वीकृत सम्बन्धमा :**

यस मर्स्याङदी गाउँपालिका कार्यालयको लागी आ.व. २०८२/८३ मा सन्चालित हुने योजना तथा कार्यक्रमहरुको दररेट निर्धारण गर्ने सम्वन्धमा बसेको बैठकवाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ उपनियम (१) बमोजिम निर्धारण गरिएको जिल्ला दररेटमा निर्माणस्थल सम्म पुग्ने दुरी एकिन गरी सोही जिल्ला दररेटमा ढुवानी थप गर्ने गरी आ.व. २०८२/८३ को लागी यस गाउँपालिका भित्र सन्चालन हुने योजना तथा कार्यक्रमहरुको दररेट स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ : आ.व. २०८२/०८३ को कार्य योजना सम्बन्धमा ।**

आ.व.२०८२ ०८३ को योजना तथा कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित गर्न निम्नानुसार कार्य योजना स्वीकृत गरि कार्यन्वयनमा ल्याउने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**क) ठुला योजना/आयोजनाहरु :**

- योजनाहरुको टेन्डर निष्काशन - २०८२ भदौ मसान्त सम्म ।

**ख) उपभोक्ता समितिवाट हुने योजना/आयोजनाहरु :**

- उपभोक्ता समिति गठन सम्पन्न - २०८२ भदौ मसान्त सम्म ।
- उपभोक्ता समितिहरुको तालिम सम्पन्न - २०८२ असोज मसान्त सम्म ।
- प्राविधिक स्टिमेट सम्पन्न - २०८२ पुस १५ गते सम्म ।
- योजना सम्झौता - २०८२ माघ १५ सम्म । (१० लाख सम्मका योजनाहरु सम्वन्धित वडामा सम्झौता गर्ने)
- योजना निर्माण सम्पन्न - २०८३ वैशाख मसान्त सम्म ।
- योजनाहरुको भुक्तानी - २०८३ जेष्ठ मसान्त सम्म ।

**निर्णय नं. ४ : ब्याक्हो लोडर भाडामा लिने सम्बन्धमा :**

यस गाउँपालिकाको नाममा रहेको ब्याक्हो लोडर ग १ भ ३४२२ समय समयमा बिग्री रहने र उक्त ब्याक्हो लोडर मर्मतमा धेरै खर्च गर्नु पर्ने अवस्था आइरहेकोले र हाल उक्त ब्याक्हो लोडर चालु हालतमा नरहेकोले वर्षातको समयमा कुनै पनि समय बाढी पहिरोको कारण सडकहरु अवरुद्ध भई आवत जावत अवरुद्ध हुन जाने अवस्थालाई मध्यनजर गरी यो मुख्य वर्षातको समय साउन, भदौ र असोज महिना सम्मको लागि एक ब्याक्हो लोडर भाडामा लिने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।



अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष

Scanned with CamScanner

**निर्णय नं. ५ : न्युनतम तलब स्केल कायम गर्ने सम्बन्धमा :**

यस मर्स्याङदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा अन्तरगत तपसिलका पदहरुमा कार्यरत स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको नेपाल सरकार चालु शर्सत अनुदानबाट प्राप्त हुने पारीश्रमिकबाट व्ययभार हुने गरी मिति २०८२ साउन १ गते देखि लागु हुने गरी सेवा सुविधा निम्नानसार कायम गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

निम्नः

| क्र.स. | नाम थर | पद | साबिकको तलव | कायम गरिएको तलव | कार्यालय |
|---|---|---|---|---|---|
| १ | मनकामना कार्की | अ.न.मी. | २८,००० | ३२,९०२ | सु.मि.आ.स्वा.से.क. |
| २ | भगवती भण्डारी | अ.न.मी. | ३१,५०० | ३२,९०२ | खुदी स्वा.चौ. |
| ३ | पुजा गुरुङ | ल्या.अ. | २९,००० | ३२,९०२ | |
| ४ | लिला माया गुरुङ | अ.न.मी. | २८,००० | ३२,९०२ | सि.सा.स्वा.इकाइ |
| ५ | सुक माया गुरुङ | अ.न.मी. | ३१,५०० | ३२,९०२ | ताघ्रिङ स्वा.चौ. |
| ६ | प्रशान्त कुमार गहतराज | अ.हे.ब. | २८,००० | ३२,९०२ | जगत सा.स्वा.इकाइ |
| ७ | प्रमिला गुरुङ | अ.न.मी. | २८,००० | ३२,९०२ | |
| ८ | माया गुरुङ | ल्या.अ. | २९,००० | ३२,९०२ | घेर्मु स्वा.चौ. |
| ९ | सिर्जना गुरुङ | अ.न.मी. | ३१,५०० | ३२,९०२ | |
| १० | अनिता घले गुरुङ | अ.हे.ब. | २८,००० | ३२,९०२ | ताराचोक |
| ११ | राधिका भुजेल | अ.न.मी. | २८,००० | ३२,९०२ | सा.स्वा.इकाइ |
| १२ | संगीता भण्डारी | अ.न.मी. | ३१,५०० | ३२,९०२ | भुलभुले स्वा.चौ. |
| १३ | कमला हरिजन हमाल | अ.हे.ब. | २८,००० | ३२,९०२ | सिमलचौर |
| १४ | ऋतु गुरुङ तामाङ | अ.न.मी. | २८,००० | ३२,९०२ | आ.स्वा.से.के. |
| १५ | तास माया सुनार | अ.हे.ब. | २८,००० | ३२,९०२ | लामागाउं |
| १६ | सपना भण्डारी धिताल | अ.न.मी. | २८,००० | ३२,९०२ | सा.स्वा.इकाइ |

**निर्णय नं. ६ : कार्यलयको मोटरसाईकल मर्मत खर्च सम्बन्धमा :**

यस मर्स्याङदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मातहत रहेका सरकारी मोटर साइकल मर्मतको लागि अधिकतम वार्षिक रु.२५,००० अक्षरुपी पच्चीस हजार मात्र मर्मत खर्च उपलब्ध गराउने यस कार्यपालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरीयो ।

अर्जुन थपाई
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ७ : ईन्धन सुविधा सम्बन्धमा :**

यस मर्स्यांङदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मातहत रहेका सरकारी मोटर साइकल, पूर्वाधार तर्फको प्राविधिकहरुले प्रयोग गर्ने मोटरसाइकल र कार्यालयको कामकाजमा प्रयोग हुने मोटर साइकलहरुलाई प्रति महिना प्रति मोटर साइकल १० (दश) लिटर इन्धन उपलब्ध गराउने यस कार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरीयो ।

**निर्णय नं. ८ : खरिद समिति / इकाई गठन सम्बन्धमा :**

सार्वजनिक खरिद ऐन वमोजिम कार्यविधि पुरा गरी खरिद सम्वन्धी कार्य गर्ने गराउने कार्यको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको योग्यता भएको र खरिद कार्य सम्वन्धी ज्ञान भएको वा तालिम प्राप्त गरेको कर्मचारीहरुबाट तपसिल खरिद इकाइ गठन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल:

- प्रशासन शाखा प्रमुखः- संयोजक
- योजना शाखा प्रमुखः- सदस्य
- आर्थिक प्रशासन :- सदस्य

**निर्णय नं. ९ : खर्च मापदन्ड सम्बन्धमा :**

यस मर्स्यांङदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतको वडा कार्यालयहरुमा हुने कार्यक्रमहरु सञ्चालनको लागि व्यवस्थापन खर्च यथावत राख्दै प्रतिवेदन वापतको खर्चको प्रावधान हटाई तपसिल वमोजिमको खर्च मापदण्ड अनुमोदन गर्ने यस कार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरीयो ।

तपसिल:

- सहभागीहरुलाई खाजा वापत रु.१५० सम्म गर्ने ।
- कार्यक्रममा संलग्न कार्यालय सहयोगी भत्ता बापत रु.२५० व्यवस्था गर्ने ।
- मसलन्द सामाग्री प्रति सहभागी रु.१०० सम्म व्यवस्था गर्ने ।
- व्यानर पानी लगायतका लागि विविध खर्च वापत अधिकतम रु.२,००० उपलब्ध गराउने ।
- सहभागीहरुलाई सादा खाना वापत रु. २०० सम्म गर्ने ।
- सहभागीहरुलाई मासु खाना वापत रु. ४०० सम्म गर्ने ।

नोट : गाउँपालिकाको क्यान्टिनको हकमा सम्झौता वमोजिम कै दररेटमा कार्यन्वयन हुनेछ ।

**निर्णय नं. १० : योगदानमा आधरित सामाजिक सुरक्षा कोष सम्बन्धमा :**

नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यको वुँदा नं. ३५२ मा स्वीकृत दरवन्दी भित्रका करार सेवामा रहेका कर्मचारी र अस्थायी तथा राहत शिक्षकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराउने व्यवस्था भए वमोजिम यस गाउँपालिका र मातहतमा रहेको स्वीकृत दरवन्दी भित्रका करार सेवामा रहेका कर्मचारी र अस्थायी तथा राहत शिक्षकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराउने यस कार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरीयो ।



अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष

Scanned with CamScanner

**निर्णय नं. ११ : सवारी साधन भाडामा लिने सम्बन्धमा :**

यस मर्स्यांङदी गाउँपालिकाको भौगोलिक अवस्था जटिलता रही ९ वटा वडामा विभाजन रहेको र उक्त वडाहरुमा विभिन्न कार्य सम्पन्न गर्न जस्तै सामाजिक सुरक्षा भत्ता वितरण, कार्यालय सामान ढुवानी, विभिन्न कार्यक्रम तथा आयोजनाहरुको लागत अनुमान तथा अनुगमन मूल्याङ्कन लगायत विभिन्न कार्यको लागि हलुका सवारी भाडामा लिनु पर्ने भएकोले आ.व.२०८१/०८२ मा छनौट भएको सवै भन्दा कम भाडा दर पेश गर्ने यस मर्स्यांङदी गाउँपालिका वडा नं. ३ को गाडी धनी श्री लेख मान कतिलासँग भएको विगतको सम्झौतालाई अर्को व्यवस्था नभए सम्म पुन सम्झौता गरी निरन्तरता दिने यस कार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरीयो ।

**निर्णय नं. १२ : स्थायी कर्मचारीहरुको स्थानीय भत्ता र महङ्गी भत्ता सम्बन्धमा :**

स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरुले नेपाल सरकार अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाबाट तोकिए वमोजिम स्थानीय भत्ता प्रयोजनको लागि स्थान वर्गीकरण अन्तरगत यस लमजुङ जिल्ला 'घ' वर्गको स्थानीय भत्ता पाउने जिल्लामा वर्गीकरण भएकोले तपसिल वमोजिम स्थानीय भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

तपसिल:

| लमजुङ जिल्ला 'घ' वर्ग | | | | |
|---|---|---|---|---|
| क्र.स. | पद | सदरमुकाम र ६ कोष भित्र | सदरमुकामबाट ६ कोष र सो भन्दा बाहिर | कैफियत |
| १ | कार्यालय सहयोगी | १७५० | २२४० | ३.२ किलोमिटरको १ कोष कायम गरिएको । |
| २ | रा.प.अनंकित चतुर्थ | २००० | २१०० | |
| ३ | रा.प.अनंकित तृतीय | २२८० | २५०० | |
| ४ | रा.प.अनंकित द्वितीय | २५६० | २७६० | |
| ५ | रा.प.अनंकित प्रथम | ३०६० | ३२१० | |
| ६ | रा.प. तृतीय | ३७५० | ३९४० | |
| ७ | रा.प. द्वितीय | ५००० | ५२५० | |
| ८ | रा.प. प्रथम | ६२५० | ६७०० | |
| ९ | रा.प. विशिष्ट | १०५०० | ११०३० | |

यस मर्स्यांङदी गाउँपालिका अन्तरगतको वडाहरु तपसिल वमोजिमको कोष कायम गर्ने निर्णय गरियो ।

तपसिल:

वडा नं. १ नायु ७.५ कोष (वेसीशहर - वडा कार्यालय नायु २४ किलोमिटर)

वडा नं. २ मोर्डी ३.७५ कोष (वेसीशहर - वडा कार्यालय मोर्डी १२ किलोमिटर)

वडा नं. ३ खुदी २.१८ कोष (वेसीशहर - वडा कार्यालय खुदी ७ किलोमिटर)

वडा नं. ४ छापा ६.५६ कोष (वेसीशहर - वडा कार्यालय छापा २१ किलोमिटर)

वडा नं. ५ घेर्मु ७.५ कोष (वेसीशहर - वडा कार्यालय घेर्मु २४ किलोमिटर)

वडा नं. ६ वाहुनडांडा ५.३१ कोष (वेसीशहर - वडा कार्यालय वहुनडांडा १७ किलोमिटर)

वडा नं. ७ ड़ादी ३.४३ कोष (वेसीशहर - वडा कार्यालय ड़ादी ११ किलोमिटर)



अर्जुन चपाई
...कीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

वडा नं. ८ भुलभुले २.६५ कोष ।वेसीशहर - वडा कार्यालय भुलभुले ८.५ किलोमिटर।
वडा नं. ९ गोपालडाँडा २ कोष ।वेसीशहर - वडा कार्यालय गोपालडाँडा ६.४ किलोमिटर।
साथै नेपाल सरकारको आर्थिक बर्ष २०८२ ८३ को बजेट वक्तव्यको बुँदा नं. ३४९ मा चालु आर्थिक बर्ष २०८२ साल साउन १ गते देखि लागु हुने गरी महङ्गी भत्ता वृद्धि गरी मासिक रु.५,०००।- उपलब्ध गराउने व्यवस्था भए बमोजिम यस गाउँपालिकाबाट स्थायी कर्मचारीहरुलाई उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. १३ : पुल संरक्षकहरुको म्याद थप र नयाँ नियुक्ति सम्बन्धमा :**

यस मर्स्याङदी गाउँपालिकाको क्षेत्र भित्र रहेका विभिन्न नदी नालाहरु रहेका झोलुङ्गे पुलहरुको सामान्य मर्मत संभार संरक्षण, सरसफाई लगायतका अन्य काम गर्ने गरी मिति २०८० साउन ०४ गते नियुक्ति गरिएको पुल संरक्षकहरुको मिति २०८२ साउन ०१ गते देखि २०८३ साल असार मसान्त सम्म म्याद थप गर्ने र काम नगरेको झोलुङ्गे पुल संरक्षकहरुलाई हटाई विभिन्न कारणले रिक्त रहेका पुल संरक्षकमा मिति २०८२ साउन ०१ गते देखि लागु हुने गरी तपसिल बमोजिम नयाँ झोलुङ्गे पुल संरक्षक नियुक्ति गर्ने यस कार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरीयो ।

तपसिल:

| क स | वडा | पुलको नाम | पुल संरक्षकको नाम . | कैफियत |
|---|---|---|---|---|
| १ | १ | पोंचे खोला झो पु | श्याम गुरुङ | निरन्तरता |
| २ | | रव खोला झो पु | नन्द बहादुर गुरुङ | फेरिएको |
| ३ | २ | खुदी खोला झो पु | टेक कुमारी गुरुङ | निरन्तरता |
| ४ | | पैंयु खोला झो पु | धन काशी गुरुङ | निरन्तरता |
| ५ | | पैंयु खोला झो पु | पुस माया गुरङ | निरन्तरता |
| ६ | | खिउरी खोला झो पु | पोडे कामी | निरन्तरता |
| ७ | | पेम्रो खोला झो पु | मन देवी गुरुङ | निरन्तरता |
| ८ | | पेम्रो खोला झो पु | विकाश गुरुङ | निरन्तरता |
| ९ | | रोप्लेखोला झो पु | दुर्गा देवी बराल | निरन्तरता |
| १० | | खुदी खोला झो पु | जीत बहादुर गुरुङ | निरन्तरता |
| ११ | | किचं खोला झो पु | धन बहादुर तामाङ | निरन्तरता |
| १२ | | सब्जे झो पु | मुचिना गुरुङ | निरन्तरता |
| १३ | | मैगु केक्याम झो पु | लक्ष्मी माया गुरुङ | नयाँ थप |
| १४ | ३ | खुदी तल्लोबजार झो पु | विज माया गिरी | निरन्तरता |
| १५ | | खुदी माथील्लो बजार झो पु | लक्षमण गुरुङ | निरन्तरता |
| १६ | | खुदी जिम्दो झो पु | आश कुमार तामाङ | निरन्तरता |
| १७ | | सिउरुङ खोला झो पु | बुध ब. विक | निरन्तरता |



अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १८ | | च्याम्चे सात्तले झो पु | लक्ष्मण तामाङ्ग | निरन्तरता |
| १९ | ४ | रामबजार खानीगाउ झो पु | मनि राम गुरुङ | निरन्तरता |
| २० | | काप्रे झो पु | सबिन गुरुङ | निरन्तरता |
| २१ | | रैदु खोला झो पु | धन प्रसाद गुरुङ | निरन्तरता |
| २२ | | घोप्टे खोला झो पु | गोरे गुरुङ | नयाँ थप |
| २३ | | खरानी फेदी झो पु | मैत प्रसाद गुरुङ | निरन्तरता |
| २४ | | कल्चे झो पु | पदम गुरुङ | निरन्तरता |
| २५ | | स्याँगे घेर्मु झो पु | नौले गुरुङ | निरन्तरता |
| २६ | ५ | तरवाली खोला झो पु | धन घले | निरन्तरता |
| २७ | | सैगो झो पु | पञ्च व. गुरुङ | निरन्तरता |
| २८ | | सञ्जापु झो पु | भिम व. गुरुङ | निरन्तरता |
| २९ | | लिलि झो पु | कालु गुरुङ | निरन्तरता |
| ३० | | अर्खलेवेशी चनौटे झो पु | मन सुव्वा गुरुङ | निरन्तरता |
| ३१ | ६ | नाइचे झो पु | केश ब. गुरुङ | निरन्तरता |
| ३२ | | थाकनवेशी दोभानचौर झो पु | वृख व. गुरुङ | निरन्तरता |
| ३३ | | तल्लो घट्टेखोला झो पु | सोम वहादुर दमै | निरन्तरता |
| ३४ | | माथील्लो घट्टेखोला झो पु | प्रेम कुमारी सुयल | निरन्तरता |
| ३५ | ७ | डादी दोभानचौर झो पु | राम व. भुजेल | निरन्तरता |
| ३६ | | तल्लो छिनखोला झो पु | सन्त व. अधिकारी | निरन्तरता |
| ३७ | | मध्य छिनखोला झो पु | चिन व. अधिकारी | निरन्तरता |
| ३८ | | माथील्लो छिनखोला झो पु | सुमन तामाङ्ग | निरन्तरता |
| ३९ | | खारपातल अमर मावि झो पु | गोपाल खत्री | निरन्तरता |
| ४० | ८ | लाम्पाटा वगैंचा झो पु | नारद घले | निरन्तरता |
| ४१ | | भुलभुले झो पु | प्रेम व. तामाङ्ग | निरन्तरता |
| ४२ | | पचे खोला झो पु | बिमाया श्रेष्ठ | नयाँ फेरिएको |
| ४३ | | नौविसे झो पु | लोक बहादुर गुरुङ | काम नगरेको |
| ४४ | ९ | खुदी खोला झो पु | बाल कुमारी थापा | नयाँ फेरिएको |
| ४५ | | भलामखोला झो पु | विष्णु बहादुर क्षेत्री | नयाँ फेरिएका |
| ४६ | | डंडेरो खोला | शेर बहादुर भण्डारी | नयाँ थप |



अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष

Scanned with CamScanner

**निर्णय नं. १४ : न्यायिक सहजकर्ताको करार म्याद थपको लागि सिफारिस सम्बन्धमा :**

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र संख्या २०८१/८२ चलानी नं. २१८१ मिति २०८२/०३/३२ को पत्रबाट स्थानीय न्यायिक सहजकर्ता (छनौट तथा परिचालन) कार्यविधि, २०८१ को दफा ९ (६) बमोजिम न्यायिक सहजकर्तालाई सम्बन्धित स्थानीय तहको सिफारिसमा अर्को आर्थिक वर्षका लागि पुनः करार गरी काममा लगाउने सकिने व्यवस्था रहेकोले यस मस्र्याङदी गाउँपालिकाको न्यायिक सहजकर्ताको आवश्यकता र हाल न्यायिक सहजकर्ताको रुपमा कार्यरत विष्णु राज घिमिरेको कार्यसम्पादनको आधारमा निजलाई आर्थिक वर्ष २०८२/८३ को लागि करार म्याद थप गर्न गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. १५ : अधिकृतस्तर छैटौं तहमा तहवृद्धि सम्बन्धमा :**

यस मस्र्याङदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको मिति २०८२/०३/१२ गते प्रकाशित तहवृद्धि सूचना नं.:०२/२०८१/८२ अनुसार तहवृद्धिको लागि तपसिल बमोजिमका कर्मचरीहरुले निवेदन दिनु भएको हुँदा गण्डकी प्रदेश सरकारद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ को उपदफा १ मा तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदको लागि तोकिए बमोजिम शैक्षिक योग्यता र सेवा अवधि ५ (पांच) वर्ष पुरा भई पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत ९५ (पन्चानब्बे) प्रतिशत अङ्क वा सो भन्दा बढी अङ्क प्राप्त गरेको र सोही ऐनको दफा ४२ बमोजिम नकारात्मक सूचीमा नपरेको कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहमा तहवृद्धि गर्ने व्यवस्था भएको बमोजिम तपसिलका निवेदक कर्मचारीहरु तहवृद्धिको लागि योग्य भएको हुँदा अधिकृतस्तर छैटौं तहमा तहवृद्धि गर्ने यस कार्यपालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरीयो ।

**तपसिल:**

| क्र.स. | निवेदक कर्मचारी नाम थर | संकेत नं. | साविकको सेवा/समूह/तह/पद | हाल तहवृद्धि गरिएको सेवा/समूह/तह/पद |
|---|---|---|---|---|
| १ | विष्णु तामाङ | २३९२४७ | सेवाः स्थानीय इन्जिनियरिङ<br>समूहः सिभिल इन्जिनियरिङ<br>तहः सहायकस्तर पाँचौ<br>पदः सब इन्जिनियरिङ | सेवाः स्थानीय इन्जिनियरिङ<br>समूहः सिभिल इन्जिनियरिङ<br>तहः अधिकृतस्तर छैटौं<br>पदः सिनियर सब इन्जिनियर |
| २ | वसन्त बरुवाल | २३९२२७ | सेवाः स्थानीय प्रशासन<br>समूहः विविध<br>तहः सहायकस्तर पाँचौ<br>पदः कम्प्युटर अपरेटर | सेवाः स्थानीय प्रशासन<br>समूहः विविध<br>तहः अधिकृतस्तर छैटौं<br>पदः सहायक कम्प्युटर अधिकृत |

अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष



Scanned with CamScanner